# आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम **"सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन संवत् २०८२ साल साउन १ गते देखि प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८२/८३ को लागि प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार:** आर्थिक वर्ष २०८२/८३ को लागि अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका लागि सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पुँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम **रू. ३३,४५,८०,४०,०००।-(अक्षेरेपि तेत्तीस अर्ब पैंचालीस करोड असी लाख चालिस हजार)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन:** (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/८३ को लागि अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको लागि विनियोजन गरिनेछ।

४. **अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही आर्थिक वर्ष २०८२/८३ को लागि खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले संवत् २०८२ साल असोज मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई हासिल गर्नु पर्ने प्रतिफल तथा उपलब्धि सहित स्रोतगत बाँडफाँट गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा अद्यावधिक गर्न आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेछ।

तर, उक्त समयावधिभित्र बाँडफाँट हुन नसक्ने मनासिब आधार र कारण सहित सम्बन्धित लेखा उत्तरदायी अधिकृतले अनुरोध गरेमा आर्थिक मामिला मन्त्रालयले आवश्यकता र औचित्य हेरी बाँडफाँट गरिदिन सक्नेछ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमलाई बजेट कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

**५. रकमान्तर तथा स्रोतान्तर सम्बन्धी व्यवस्था:** (१) दफा ३ बमोजिम अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको लागि विनियोजन गरेको रकममध्ये कुनै अनुदान सङ्केतमा बचत हुने र कुनै

अनुदान सङ्केतमा अपुग हुने देखिएमा आर्थिक मामिला मन्त्रालयले बचत हुने अनुदान सङ्केतबाट अपुग हुने अनुदान सङ्केतमा रकमान्तर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रकमान्तर गर्दा जम्मा विनियोजित रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केतबाट अर्को एक वा एकभन्दा बढी अनुदान सङ्केतमा रकमान्तर गर्न, निकासा र खर्च लेख्न, चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा स्रोतान्तर गर्न सकिनेछ।

तर,

(क) एउटै अनुदान सङ्केतभित्रका बजेट उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(ख) पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न सकिने छैन।

(ग) पुँजीगत अनुदान शीर्षकमा विनियोजित रकम चालु अनुदान शीर्षकमा रकमान्तर गर्न सकिने छैन।

(३) स्थानीय तहको लागि अनुदान सङ्केत ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान सङ्केतमा रकमान्तर हुने छैन।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान सङ्केत ६०२ मा विनियोजन भएको रकम जुन अनुदान सङ्केतमा निकासा र खर्च हुने हो सोही अनुदान सङ्केतमा रकमान्तर गर्न तथा निकासा र खर्च लेख्न बाधा पर्ने छैन।

(५) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै आयोजना तथा कार्यक्रम संशोधन गर्नु पर्ने भएमा सम्बन्धित निकायको अनुरोधमा आर्थिक मामिला मन्त्रालयले कार्यक्रम संशोधन गर्न सक्नेछ।

तर, स्वीकृत आयोजना वा कार्यक्रम अन्तर्गतको एउटै खर्च शीर्षकभित्रको क्रियाकलाप संशोधन गर्नु पर्ने वा क्रियाकलाप परिवर्तन गर्नु पर्ने भनि सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतबाट संवत् २०८२ साल पुस महिनाभित्र अनुरोध भई आएमा लक्ष्य, उद्देश्य र स्रोतमा परिवर्तन नहुने गरी आवश्यकता र औचित्यका आधारमा आर्थिक मामिला मन्त्रालयले त्यस्तो संशोधन गर्न सक्नेछ।

(६) बहुवर्षीय आयोजनामा विनियोजन भएको रकम आर्थिक मामिला मन्त्रालयले स्रोतको सहमति दिएको आयोजना बाहेक अन्यत्र रकमान्तर गर्न पाइने छैन।

(७) क्रमागत आयोजनाको रकमान्तर वा थप रकमको लागि बजेट माग गर्दा सम्बन्धित मन्त्रालयले आयोजनाको अवधि, कुल लागत, भौतिक तथा वित्तीय प्रगति सहितको निर्णय आर्थिक मामिला मन्त्रालयमा पेस गर्नु पर्नेछ। यसरी पेस भएको कागजातको आधारमा आर्थिक मामिला मन्त्रालयले आवश्यकता र औचित्य हेरी रकमान्तर वा थप रकम निकासा दिन सक्नेछ।

(८) उपदफा (६) र (७) बाहेकका चालु वर्षको आयोजनाको लागि रकमान्तर गरी बजेट थप गर्नु पर्ने भएमा त्यस्तो आयोजनामा सुरू विनियोजित रकमको शतप्रतिशतमा नबढ्ने गरी रकमान्तर गर्न सक्नेछ।

तर, विपद्, प्राकृतिक प्रकोप, महामारी नियन्त्रण, सरकारी संरचना निर्माण र अनिवार्य दायित्वको भुक्तानीको लागि आवश्यकतानुसार रकमान्तर गर्न सकिनेछ।

(९) चालु वर्षको स्वीकृत कार्यक्रमभित्रको आयोजनाको लागि विनियोजन भएको रकमबाट वार्षिक लक्ष्य हासिल हुने गरी खरिद सम्झौता भई बचत भएको रकमबाट थप खरिद कार्य गर्न पाइने छैन।

(१०) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संवत् २०८२ साल असार १ गते पछि यस ऐनमा समावेश भएको आयोजना वा कार्यक्रमको स्वीकृत बजेटको सीमाभित्र रही यो ऐन प्रारम्भ भएपछि खरिद सम्झौता गर्ने गरी प्रचलित कानून बमोजिम खरिद प्रक्रिया सुरू गर्न बाधा पर्ने छैन। त्यसरी खरिद प्रक्रिया सुरू गर्दा बहुवर्षीय दायित्व सिर्जना हुने भएमा आर्थिक मामिला मन्त्रालयको सहमति लिनु पर्नेछ।

(११) उपदफा (१), (२), (४), (६), (७) र (८) बमोजिमको रकमान्तर पुस महिना अगाडि गरिने छैन।

(१२) उपदफा (११) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (८) को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको रकमान्तर गर्न कुनै समय सीमा लाग्ने छैन।

६. <u>अन्तर-सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्थाः</u> (१) अनुदान सङ्केत ८०१ को रकम स्थानीय तहले कानून बमोजिम खर्च गर्न पाउने गरी वित्त हस्तान्तरणको रूपमा स्थानीय सञ्चित कोषमा दाखिला गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रकममध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको भाद्र १०, कार्तिक १०, माघ १० र संवत् २०८३ साल बैशाख १० गते गरी चार किस्तामा हस्तान्तरण गर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरूप राजस्व सङ्कलन नभई स्रोत व्यवस्थापन हुन नसकेमा र नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान तथा राजस्व बाँडफाँट रकम कम प्राप्त भएमा प्रदेश सरकारले उपदफा (२) बमोजिमको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो वापतको रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको सूत्र अनुसार पुनः निर्धारण गरी प्रदेश सरकारले तोकेको समयमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा हस्तान्तरण गर्नेछ।

(४) स्थानीय तहले ससर्त अनुदान वापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित गाउँ सभा वा नगर सभाले पारित गरेको राजस्व र व्ययको अनुमान साउन मसान्तभित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयमा पेस गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको अनुदान रकममध्ये ससर्त अनुदान रकमको एक तिहाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा संवत् २०८२ साल भाद्र २ गतेभित्र हस्तान्तरण गर्नेछ।

(६) उपदफा (४) बमोजिमको कार्ययोजनाको भौतिक प्रगति तथा खर्च भएको रकमको विवरण स्थानीय तहले संवत् २०८२ सालको मंसिर १५ गते, चैत्र १५ गते र संवत् २०८३ सालको असार १५ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयमा पेस गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको खर्चको विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयले उपदफा (५) बमोजिम स्थानीय तहमा हस्तान्तरण भएको ससर्त अनुदानको रकम समायोजन गरी बाँकी रकम सोध भर्नाका रूपमा २०८२ सालको मंसिर २५ गते, चैत्र २५ गते र २०८३ सालको असार १० गतेभित्र हस्तान्तरण गर्नु पर्नेछ।

(८) प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइले स्थानीय तहलाई समपूरक र विशेष अनुदान रकम हस्तान्तरण गर्नु पर्नेछ। स्थानीय तहलाई समपूरक अनुदानको रकम हस्तान्तरण गर्दा वास्तविक खर्च रकममा अनुदान कार्यविधि बमोजिम प्रदेश सरकारले व्यहोर्ने हिस्साभन्दा बढी रकम नहुने गरी हस्तान्तरण गर्नु पर्नेछ।

(९) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले ससर्त, समपूरक र विशेष अनुदानको रकम खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सोही आर्थिक वर्षको असार मसान्तभित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयमार्फत प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नु पर्नेछ।

(१०) उपदफा (९) बमोजिम बचत रकम फिर्ता दाखिला नगरेको अवस्थामा त्यस्तो रकम र अघिल्ला आर्थिक वर्षहरूमा बाँकी भएकोमा सो रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान वा राजस्व बाँडफाँटको रकमबाट कट्टा गरी समायोजन गर्नेछ।

७. **<u>योजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन गर्नु पर्ने भएमा दोस्रो त्रैमासिक अवधिभित्र प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले स्थानीय तहबाट आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय र आर्थिक मामिला मन्त्रालयको सहमति सहित प्रदेश सरकार (मन्त्रिपरिषद्) मा वित्तीय हस्तान्तरण सम्बन्धी प्रस्ताव पेस गर्नु पर्नेछ। प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट प्रस्ताव स्वीकृत भए पश्चात् विषयगत मन्त्रालयको निर्णय सहित त्यस्तो योजना वा कार्यक्रम ससर्त अनुदानको रूपमा हस्तान्तरण गर्न प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णय संलग्न राखी आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेछ। सो हस्तान्तरणको जानकारी प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालय र सम्बन्धित स्थानीय तहमा दिनु पर्नेछ।

(२) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगततर्फको कुनै योजना वा कार्यक्रम स्थानीय तहले प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा दोस्रो त्रैमासिकसम्ममा सम्बन्धित स्थानीय तहले प्रदेश सरकारको विषयगत मन्त्रालयको सिफारिसमा आर्थिक मामिला मन्त्रालयको स्वीकृति लिई त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गर्न सक्नेछ। सोको जानकारी सम्बन्धित मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम स्थानीय तहको योजना वा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले प्रादेशिक निकायको नाममा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयमा रहेको विविध खातामा जम्मा हुने गरी निकासा दिनु पर्नेछ। त्यसरी प्राप्त रकममध्ये आर्थिक वर्षको अन्त्यसम्ममा खर्च नभई बाँकी रहेको रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ।

(४) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको बजेट कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम नेपाल सरकारको कुनै निकायमार्फत कार्यान्वयन गर्न आवश्यक भएमा आर्थिक मामिला मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको सहमतिमा माघ मसान्तभित्र अनुरोध भई आएमा आर्थिक मामिला मन्त्रालयले त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयनका लागि खर्च गर्ने अख्तियारीसहित सहमति दिन सक्नेछ।

तर, प्रशासनिक र चालुतर्फका कार्यक्रमको लागि नेपाल सरकारका निकायलाई सुरू विनियोजन बाहेक कुनै रकम उपलब्ध गराइने छैन।

(५) उपदफा (४) बमोजिम प्रदेश सरकारको योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने स्वीकृति प्राप्त भएमा सङ्घीय कार्यालयलाई प्रदेश सरकारको एकल खाता कोष प्रणाली (टी.एस.ए.) मा प्रदेश निकायको रूपमा कार्यालय कोड दिई प्रचलित कानून बमोजिम रकम निकासा दिनु पर्नेछ।

(६) उपदफा (४) बमोजिमको निर्णयको जानकारी महालेखापरीक्षकको कार्यालय, आर्थिक मामिला मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयलाई दिनु पर्नेछ।

(७) यस ऐन बमोजिम स्वीकृत आयोजना तथा कार्यक्रम बाहेक अन्य कुनै आयोजना तथा कार्यक्रम थप गरिने छैन।

तर, विपद् व्यवस्थापन, महामारी नियन्त्रण लगायतका आकस्मिक अनिवार्यता, प्रदेश सरकारको आन्तरिक स्रोत वृद्धिमा सकारात्मक प्रभाव पार्ने आयोजना तथा कार्यक्रमको हकमा यस ऐनद्वारा विनियोजित बजेटको परिधिभित्र रही आर्थिक मामिला मन्त्रालयले त्यस्तो आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गरी स्वीकृति दिन सक्नेछ।

(८) आर्थिक वर्षको बीचमा प्रदेश सरकारका नयाँ संगठन संरचना निर्माण भएमा साविककै बजेट उपशीर्षकबाट खर्च गर्ने अख्तियारी प्रदान गरिनेछ।

(९) नदी नियन्त्रण, तटबन्ध, भू-संरक्षण, घेरबार तथा पर्खाल, सिंचाई कुलो, खानेपानी, मठ मन्दिर, विद्यालय भवन लगायत सबै नयाँ सार्वजनिक निर्माणका कार्यहरू संस्थागत बैधानिक समिति वा प्रचलित कानून बमोजिम ठेक्का प्रक्रियामार्फत गर्नु गराउनु पर्नेछ।

८. **लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षणः** (१) यस ऐन बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च एकाईको रूपमा प्रचलित कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई सुरू विनियोजन भएको तहमा पठाउनु पर्नेछ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम चालु खर्च शीर्षक नम्बर २६४१२ र पुँजीगत खर्च शीर्षक नम्बर २६४२२ मा विनियोजित रकमको प्रचलित कानून बमोजिम आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउनु पर्नेछ।

९. **वित्तीय अनुशासन सम्बन्धी व्यवस्थाः** (१) स्थानीय तहले संकलन गरेको राजस्व र यस ऐन तथा प्रचलित कानून बमोजिम प्राप्त गरेको राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरण वापतको रकम कानून बनाई खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहायका विषयहरूको पालना हुने गरी बनाउनु पर्नेछः-

(क) नेपाल सरकार तथा प्रदेश सरकारको आर्थिक र वित्तीय नीति अनुशरण गर्ने,

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिला गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो, सोही प्रयोजनमा मात्र खर्च गर्ने,

(घ) पुँजीगत खर्चको रूपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने,

(ङ) सन्तुलित बजेट तर्जुमा गर्ने तथा मध्यमकालीन खर्च संरचनाको सीमाभित्र रही दायित्व सिर्जना गर्ने,

(च) प्रचलित संघीय र प्रादेशिक कानूनले निर्धारण गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा लेखा प्रणाली लागू गर्नुपर्ने।

(३) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने सम्बन्धमा आर्थिक मामिला मन्त्रालयले आवश्यक मार्गदर्शन जारी गर्न सक्नेछ। सो मार्गदर्शन सबै निकाय वा कार्यालयले अनिवार्य रूपमा पालना गर्नु पर्नेछ।

(४) यस ऐन बमोजिमको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्न आवश्यक हुने अस्थायी जनशक्ति योजना संवत् २०८२ साल प्रथम त्रैमासिकभित्र आर्थिक मामिला मन्त्रालयको सहमतिमा प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृति प्राप्त गर्नु पर्नेछ।

(५) सरकारी निकायले वार्षिक विनियोजित बजेट तथा स्वीकृत कार्यक्रमभन्दा बढी आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा त्यस्तो विषयमा प्रदेश सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेस गर्नुपूर्व अनिवार्य रूपमा आर्थिक मामिला मन्त्रालयको सहमति लिनु पर्नेछ।

(६) उपदफा (५ बमोजिम (आर्थिक मामिला मन्त्रालयको सहमति नलिई सिर्जना गरिएको आर्थिक दायित्वको जिम्मेवारी एवं जवाफदेहीता सम्बन्धित सरकारी निकायले लिनु पर्नेछ।

(७) यस ऐन बमोजिम विनियोजन भएको रकमभन्दा बढी रकमको आयोजना वा कार्यक्रम स्वीकृत गर्ने, ठेक्का लगाउने वा खरिद प्रक्रिया प्रारम्भ गर्ने कर्मचारीलाई सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ५९ बमोजिम सम्बन्धित अधिकारीले कारवाही गर्न पर्नेछ।

(८) प्रदेश सरकारको अनुदानमा निर्माण गरिने सामुदायिक भवन व्यक्तिगत वा निजी स्वामित्वको जग्गामा निर्माण गर्न पाइने छैन।

१०. **कानून विपरित विनियोजन भएको नमानिनेः** (१) यस ऐनमा व्यवस्था भएको विषयमा यस ऐन बमोजिम र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

(२) यस ऐन बमोजिम कुनै सेवा र कार्यको लागि रकम विनियोजन गर्दा प्रचलित कानून बमोजिम पूरा हुनु पर्ने कुनै प्रक्रिया पूरा भएको रहेनछ भने त्यस्तो प्रक्रिया पूरा नभएको आधारमा मात्र त्यसरी विनियोजित रकम कानून विपरित विनियोजन भएको मानिने छैन।

११. **आवश्यक व्यवस्था गर्न सक्नेः** (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकार मन्त्रिपरिषद्ले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

१२. **निर्देशिका, कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सक्नेः** (१) बजेट विनियोजनलाई प्रभावकारी बनाउन तथा यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड वा मार्गदर्शन बनाउन सक्नेछ।

(२) स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई रकम विनियोजन भएको कार्यक्रमको कार्यान्वयनको लागि आवश्यक पर्ने देखिएमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले कार्तिक मसान्तभित्र निर्देशिका,

कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सक्नेछ। त्यस्तो निर्देशिका, कार्यविधि, मापदण्ड तथा मार्गदर्शन स्वीकृत भएको सात दिनभित्र वेबसाइटमा राख्नु पर्नेछ।

तर, थप आर्थिक दायित्व वा दीर्घकालीन प्रकृतिको दायित्व सिर्जना हुने कार्यविधि बनाउँदा आर्थिक मामिला मन्त्रालयको सहमति लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रदेश सरकारले बनाएको निर्देशिका, कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

**१३. विविधः** (१) प्रदेश सरकारको विनियोजन ऐन प्रदेश सभाबाट पारित भइसके पश्चात् नेपाल सरकारबाट स्रोतको रूपमा प्रस्तावित वित्तीय हस्तान्तरणको रकम थपघट हुने गरी रकम प्राप्त भएमा आर्थिक मामिला मन्त्रालयले त्यसरी थपघट भएको रकमको लेखा राखी रकम घटेमा विषयगत मन्त्रालय तथा निकायलाई आवश्यक निर्देशन दिने र रकम बढेमा खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालय वा निकायलाई दिनेछ।

(२) उपदफा (१) बमोजिम चालु आर्थिक वर्षमा प्राप्त भएको रकमको समायोजित विवरण आगामी आर्थिक वर्षको आय र व्ययको विवरणसाथ प्रदेश सभामा पेस गर्नु पर्नेछ।

# प्रदेश संचित कोषमाथि व्ययभार हुने अनुमानको सारांश

अनुसूची-१

रु. हजारमा

| क.सं | अनुदान संख्या | शिर्षकको नाम | चालु | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २०२ | प्रदेश व्यवस्थापिका (सभामुख र उपसभामुखको पारिश्रमिक र सुविधा) | २६०० | ० | ० | २६०० |
| | २१० | प्रदेश लोकसेवा आयोग (अध्यक्ष र सदस्यको पारिश्रमिक र सुविधा) | ५४०८ | | | ५४०८ |
| २ | ६०२ | अर्थ - विविध | १०००० | ० | ० | १०००० |
| **जम्मा** | | | १८००८ | ० | ० | १८००८ |

अनुसूची-२

दफा (२) र (३) सँग सम्बन्धित

प्रदेश संचित कोषबाट विनियोजन हुने रकम

(रु. हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | २०२ | प्रदेश व्यवस्थापिका | १७९३७४ | १७५२७ | | १९६९०१ |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | ११२७४२ | ५००० | | ११७७४२ |
| ३ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३७३३४८ | ६३५६० | | ४३६९०८ |
| ४ | ३०५ | आर्थिक मामिला मन्त्रालय | १८९४८२ | २४२४० | | २१३७२२ |
| ५ | ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १०४६२१७ | १२९८६७७ | | २३४४८९४ |
| ६ | ३१२ | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २९५६९५१ | ३४४०४९ | | ३३०१००० |
| ७ | ३१४ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १५३००० | २०७४४३ | | ३६०४४३ |
| ८ | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ६१०८६४ | १४७९२१५३ | | १५४०३०१७ |
| ९ | ३५० | सामाजिक विकास मन्त्रालय | ४१४३९९९ | २९२६४०७ | | ७०७०४०६ |
| १० | ३९१ | प्रदेश नीति तथा योजना आयोग | ७३५९१ | ११५० | | ७४७४१ |
| ११ | ५०१ | अर्थ वित्तीय व्यवस्था | ० | ० | १०००० | १०००० |
| १२ | ६०२ | अर्थ विविध | ३५०५६६ | १५०००० | | ५००५६६ |
| १३ | ८०१ | स्थानीय तह | ३४२७७०० | ० | ० | ३४२७७०० |
| **कुल जम्मा** | | | **१३६१७८३४** | **१९८३०२०६** | **१००००** | ३३४५८०४० |

प्रदेश सभाको सम्वत् २०८२ साल अषाढ १८ गते बुधवारका दिन बसेको छैठौं अधिवेशनको १७ औं बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको हुँदा नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु।

.......................................

माननीय भीम बहादुर भण्डारी

सभामुख

सुदूरपश्चिम प्रदेश

मिति : २०८२/०३/२२

सुदूरपश्चिम प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धार २०१ को उपधारा बमोजिम (२) प्रमाणीकरण गर्दछु ।

मिति :........./....../......

............................

माननीय नजिर मियाँ

प्रदेश प्रमुख